सरकारद्वारा स्थान- विशिष्ट उडान निलम्बन व्यवस्थाको आह्वान
**************************************************

सरकारद्वारा आज (अप्रिल 18 ) भारत, पाकिस्तान, र फिलिपिन्सको लागि स्थान- विशिष्ट उडान निलम्बन व्यवस्थाको घोषणा गरेको छ। रातीको 00.00 बजे अप्रिल 20 देखि 14 दिन सम्मका लागि यी ठाउँहरूबाट सबै यात्री उडानहरू अवतरण गर्न दिन प्रतिबन्धित हुनेछ। साथै यी स्थानहरू रोग रोकथाम र नियन्त्रण (रेगुलेशन अफ क्रस-बाउन्ड्रि कन्भेयन्स् एन्ड ट्राभलर्स) नियमन (क्याप 599H) अन्तर्गत अत्यधिक जोखिम समूह Aको रूपमा निर्दिष्ट गरिनेछ, ताकि यी स्थानहरुमा बसेका व्यक्तिहरुलाई नियन्त्रणमा राख्न सकियोस्। यो निलम्बन 14 दिनको लागि प्रभावकारी हुनेछ।

सरकारद्वारा अप्रिल 14 मा, कडा गरिएको उडान-विशिष्ट निलम्बन संयन्त्र, साथै नयाँ स्थान-विशिष्ट उडान निलम्बन व्यवस्था समानान्तर रुपमा लागू गरियो। स्थान-विशिष्ट उडान निलम्बन व्यवस्था अन्तर्गत, यदि एकै ठाउँबाट सबै उडानहरूको बीचमा जम्मा पाँच वा सोभन्दा बढी यात्रुहरूमा सात दिनको अवधि भित्र आगमन परीक्षणमा कोभिड-19 साथै N501Y म्युटेन्ट स्ट्रेन पुष्टि भएमा, कुनैपनि एयरलाइनलाई वास्ता नगरी सबै यात्री उडानहरू त्यस ठाउँबाट 14 दिनसम्म अवतरण गर्न निषेध गर्न सरकारले क्याप 599H लागु गर्नेछ र सोहि समयमा उक्त स्थानलाई क्याप 599H अन्तर्गत अत्यन्त उच्च जोखिमयुक्त स्थानको रूपमा निर्दिष्ट गरिनेछ, सोहि स्थानमा दुई घण्टा भन्दा बढी बसेका यात्रुहरुलाई हङकङ तर्फको यात्री उडानहरुमा प्रस्थान गर्न 14 दिनसम्म प्रतिबन्ध लगाउन, ताकि सम्बन्धति स्थानबाट आएका यात्रुहरुलाई ट्रान्जिटको माध्यमद्वारा हङकङ प्रवेश गर्न प्रतिबन्धित गर्न सकियोस्।

एक सरकारी प्रवक्ताले भने, "हङकङ समुदायमा पहिलो पटक पत्ता लागेको N501Y म्युटेन्ट स्ट्रेन सम्बन्धी पुष्टि भएका घटनाहरूको साथ, सरकारले हालै कार्यान्वयन गरिएको स्थान-विशिष्ट उडान निलम्बन व्यवस्थाको मापदण्ड आयात केसहरू जसले N501Y म्युटेन्ट स्टेन ल्याएको आगमन परीक्षणहरू द्वारा पुष्टि गरिएको स्थानहरुमा 14 दिनको लागि लागू गरेको छ। भारत, पाकिस्तान र फिलिपिन्स सबैको 7-दिने केसहरुको संचयी संख्या पाईयो जुन पछिल्ला 14 दिनमा प्रामाणिक मापदण्ड अन्तर्गत पुगेको थियो र यसैले सरकारले यी तीन स्थानहरूको लागि स्थान-विशिष्ट उडान निलम्बन व्यवस्थाको आह्वान गर्नेछ।"

स्थान-विशिष्ट निलम्बन व्यवस्था अप्रिल 20 मा मध्य रात देखि 14 दिनको लागि प्रभावकारी हुनेछ। प्रासंगिक प्रतिबन्धहरूमा यी स्थानहरूबाट यात्रु उडानहरू हङकङमा अवतरण गर्न प्रतिबन्ध, साथै यी तीन ठाउँहरूलाई क्याप 599H अन्तर्गत समूह 'A' विशिष्ट स्थानहरुको रूपमा निर्दिष्ट गरी समावेश गरिनेछ ताकि बोर्डिङको दिन दुई घण्टा भन्दा बढी वा हङकङको लागि बोर्डिङ हुनु 21 दिन अगाडि यी स्थानहरूमा बसेका कुनैपनि व्यक्तिलाई प्रतिबन्ध गर्न सकियोस्।

साथै, विदेशबाट हङकङ फर्कने व्यवस्थाको हरूको परीक्षण विस्तार गर्न सरकारले निर्दिष्ट उच्च जोखिमयुक्त स्थानहरूबाट हङकङ फर्केका व्यक्तिहरूको लागि क्याप 599H अन्तर्गत (जुन हालको समूह A निर्दिष्ट स्थानहरू हुन्) अन्तर्गत अनिवार्य परीक्षण सूचना जारी गर्नेछ। 21 दिनसम्म अनिवार्य क्वारेन्टाइन पूरा गरिसकेपछि 12 औं र 19 औं दिनमा क्वारेन्टाइनको क्रममा परीक्षण गरेपछि हङकङ फर्केका यी व्यक्तिहरूले अरु सात दिनसम्म स्वंय निरिक्षण गर्नुपर्ने हुन्छ, र उनीहरु फर्केको 26 औं दिनमा न्यूक्लिक एसिड परीक्षण गर्नुपर्ने अधीनमा हुनेछन्।

“सरकारले विश्वव्यापी र स्थानीय महामारीको विकासलाई नजिकबाट निरुन्तर अनुगमन गर्नेछ, र आवश्यकता बमोजिम आन्तरिक रोकथाम र नियन्त्रणका उपायहरू समायोजन गर्नेछ," सरकारी प्रवक्ताले भने।

समाप्त/आईतबार अप्रिल 18, 2021

HKT 23:59 मा जारी